# धन्नुराम तँ किन मौन छस् ?

## आभास

यती बेला
तेरी बहिनी
ढिकीमा धान कुट्दैछे
र थिल्थिल्याउदैछे
आफ्नै मन

तेरी आमा
इनारबाट पानी तान्दैछिन्
र भर्दै छिन् गाग्रीमा आफ्नै आँसु

तेरो भाइ
गोरु पिटी रहेछ
र रगतपच्छे पारी रहेछ
आफ्नै शरीर

मौसम
भयाबह छ
कहाली लाग्दो छ मौसम
धन्नुराम तँ किन मौन छस् ?

यतीबेला
तेरी छोरी
छेस्कामा चन्द्रमा उनेर
लाली-पापा झैँ चुस्दैछे
उता
तेरो घरको छनामा बसेर
निर्दोश परेवा खाँदैछ
एउटा चील
आफ्नो थाप्लोमा भूगोल बोकेर
शान्तिलाई पिङ् खेलाइरहेछ
अर्को चील

मौसम
भयाबह छ
कहाली लाग्दो छ मौसम
धन्नुराम तँ किन मौन छस् ?

यतीबेला
तेरो बारीमा पीडा फलिरहेछ
सिङ्गो परिवेश पीडायुक्त छ

आँखाभरि पीडा बोकेर
घाँस काट्न गएकीछे
तेरी प्रिया

मौसम
भयाबह छ
कहाली लाग्दो छ मौसम
धन्नुराम तँ किन मौन छस् ?